गुर्भाकोट नगरपालिका
स्थानीय राजपत्र

खण्ड : ४	संख्या : २	मिति : २०७७/०४/०१

भाग-२
गुर्भाकोट नगरपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रस्तावना :

संविधानतः कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन, व्यवस्थापन र सोको नियमन गर्ने जिम्मेवारी एकल अधिकारको रुपमा स्थानीय सरकारमा निहित रहेको छ । यसैलाई आधारमानी संघीय व्यवस्थापिकाको संसदले स्थानीय सरकार संचालन ऐन २०७४ समेत पारित गरिसकेको छ । सो ऐनले स्थानीय तहको काम कर्तव्य र अधिकारलाई बिस्तृतरुपमा परिभाषित गरेको छ ।उक्त परिप्रेक्ष्यमा यस गाउँपालिका/नगरपालिकाले संविधान र ऐनले प्रावधान गरेका अधिकारको उपयोग गरी कृषिमा उत्पादन र उत्पादकत्व बृद्धी व्यवसायीकरण र कृषि उद्धमशीलताको विकासगरी स्थानीय स्तरमा नै रोजगारीका अबसरहरुको सृजना गर्दै कृषकहरुको आयस्तरमा बृद्धि गर्ने उद्देश्य लिएको छ । यस उद्देश्यलाई हासिल गर्न यस गाउँपालिका/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा कृषकहरुको माग र आवश्यकता अनुसारका उपयुक्त कृषि प्रविधि तथा सेवा सर्बसुलभरुपमा उपलब्ध गराउनु अनिवार्य भएकोले सो का लागि कृषि विकास कार्यक्रमको तर्जुमा र सो को प्रभावकारी संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही यो 'कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यवधि २०७६' तयार गरि जारी गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम 'गुर्भाकोट नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) 'संविधान' भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

ख) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ ।

ग) 'कानून' भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनुपर्छ ।

घ) 'कार्य विधि' भन्नाले गुर्भाकोट नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ लाई सम्झनुपर्दछ ।

ङ) 'संघ' भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्दछ ।

च) 'प्रदेश' भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको कर्णाली प्रदेश सम्झनु पर्दछ ।

छ) 'मन्त्रालय' भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ र प्रदेश मन्त्रालय भन्नाले भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सम्झनुपर्छ ।

ज) 'स्थानीय तह' भन्नाले गुर्भाकोट नगरपालिकालाई जनाउँदछ ।

झ) 'गुर्भाकोट नगरपालिका' भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ ।

ञ) 'नगरसभा' भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

ट) 'कार्यपालिका' भन्नाले कार्यपालिका सम्झनु पर्छ ।

ठ) 'प्रमुख' भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

ड) 'उप(प्रमुख' भन्नाले नगरपालिकाको उप(प्रमुख सम्झनुपर्छ ।

ढ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रशासकीय

प्रमूखकको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ण) 'पदाधिकारी' भन्नाले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनुपर्छ ।

त) 'वडा अध्यक्ष' भन्नाले नगरपालिकाका वडाका अध्यक्ष सम्झनुपर्छ ।

थ) 'सदस्य' भन्नाले, नगर सभा वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको मेयर, उपमेयर, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

द) 'वडा समिति' भन्नाले संविधानको धारा २२२ को उपधारा ४ धारा बमोजिमको नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

ध) 'वडा' भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

न) 'विषयगत शाखा' भन्नाले नगरपालिकामा कृषि क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवा केन्द्रलाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि नगरपालिकामा स्थापना भएका शाखालाई समेत जनाउँदछ ।

प) 'योजना' भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

फ) 'कृषि' भन्नाले जीवन धान्न र विकास/वृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिवुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने विरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउजात) को खेती वा पालन र प्रजनन सम्बन्धि कार्य भन्ने बुझाउँछ ।

ब) 'कृषक' भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ। महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा निजमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

भ) कृषि विकास समितिको सम्बन्धमा नगरपालिकामा कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न नगरपालिकामा गठन भएको कृषि विकास समिति तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्य समेतलाई जनाउँछ ।

म) 'समिति' भन्नाले यस कार्यविधिको व्यवस्था अनुसार नगरपालिकामा गठन भएको कृषि विकास समिति तथा उपसमितिलाई जनाउँदछ ।

परिच्छेद २
कार्यविधिको उद्देश्य

३. उद्देश्यः

१. कृषि प्रसार सेवालाई बहुपक्षीय एवं प्रभावकारी रुपमा सञ्चालनका लागि यस नगरपालिका तथा वडा तहमा अवश्यक संस्थागत संरचना वनाउन र सोको प्रभावकारी परिचालनमा सहयोग गर्ने ।

२. यस गुर्भाकोट नगरपालिकाको आवधिक तथा वार्षिक कृषि विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

३. कार्यक्रम तर्जुमा तथा संचालनमा राजनैतिक तथा प्रशासनिक जवाफदेहिताको सुनिश्चितता गर्न सहयोग गर्ने ।

४. कृषि तथा पशुपंक्षी विकासका कार्यक्रम संचालनका लागि आवश्यक नीति निर्माण तथा मापदण्ड निर्धारण गर्न सहयोग पुऱ्याउने ।

परिच्छेद ३
कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि संस्थागत संरचना

४. यस नगरपालिकाको संगठन संरचना तथा कर्मचारी व्यवस्था

१. यस नगरपालिकामा आवश्यकता र प्राथमिकता अनुसार कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि कार्य संचालन गर्न गराउन यस नगरपालिकाले पारित गरेको कार्य विभाजन नियमावली बमोजिम यस नगरपालिकामा कृषि, पशुपंक्षी विकास शाखा, वडा तहमा इकाइ वा सेवा केन्द्र स्थापना गरिने छ । कृषि तथा पशुपंक्षी विकास शाखाको काम, कर्तव्य र जिम्मेवारी स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही यस नगरपालिकाले पारित गरेको कार्य विभाजन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ । त्यस्तै वडा वा सेवा केन्द्रस्तरमा समेत कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न आवस्यक प्राविधिक सेवा

सहज एवं प्रभावकारी बनाउनका लागि बहुपक्षीय कृषि प्रसार पद्धतीका लागि यस नगरपालिकाले आवश्यक संयन्त्र वा इकाईको स्थापना गर्ने छ ।

२. उक्त शाखा तथा वडा तहका संरचना वा सेवाकेन्द्रमा कति स्थायी र करारका कर्मचारी रहने छन भन्ने विषय यस नगरपालिकाले इ७: सर्भे गरि पारित गरेको संगठन संरचना अनुसार हुने छ ।

३. यस नगरपालिकाले श्रोत साधनको अधिकतम उपयोग र सहकार्यका लागि अन्य सरकारी, गैह्रसरकारी संघसंस्था तथा निजी क्षेत्रका सेवा प्रदायकसँग साझेदारी गरि कृषिसेवा प्रवाहका लागि आवश्यक संयन्त्र स्थापना तथा तिनको परिचालन गर्ने छ ।

४. यस नगरपालिकाले आवश्यकता अनुसार स्थानीय कृषि श्रोत व्यक्तिहरुको विकास तथा परिचालन गरि कृषि प्रसार सेवाको बिस्तार गर्ने छ ।

५. कृषि विकास समितिको गठन तथा परिचालन

संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ मा निर्धारण भएका कृषि विकासका कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न गराउन, आवश्यक कार्यक्रम तर्जुमा, स्थानीय कृषि विकासका नीति नियम, कार्यविधि, मापदण्ड निर्धारण तथा जनप्रतिनिधिहरुको कार्यक्रम प्रति जवाफदेहिता सुनिश्चित गर्न यस नगरपालिकाले पारित गरेको कार्य विभाजन तथा कार्यसम्पादन नियमावलीको अधिनमा रही सामाजिक समावेशिताका आधारमा यस नगर कार्यपालिकामा देहाय बमोजिमको कृषि विकास समिति रहनेछ:-

क) नगर प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग) नगर कार्यपालिकाको आर्थिक विकास समितीको संयोजक वा कार्यपालिकाले तोकेको कार्यपालिका -सदस्य

घ) नगर कार्यपालिकाले तोकेको महिला सदस्य -सदस्य

ङ) नगरपालिका लेखा शाखाका प्रमुख -सदस्य

च) नगर पालिकाका योजना शाखाका प्रमुख -सदस्य

छ) नगरपालिकाका उद्योग बाणिज्य संघ, कृषि उद्यमी, व्यवसायी, एग्रोभेटका प्रतिनिधि -सदस्य

झ) नगर पालिका भित्रका कृषक अगुवा मध्येबाट मनोनयन भएका एकजना महिला र एकजना पुरुष कृषक प्रतिनिधि -सदस्य

ञ) कृषि वा पशु सेवा शाखाका प्रमुख -सदस्य सचिव

नोटः नगरपालिकाका गुणस्तर नियन्त्रण शाखा, वजार व्यवस्थापन शाखाका प्रमुख वा प्रतिनिधि तथा कृषिसँग सम्बन्धित विशेषज्ञ वा अनुभवी कृषक, कृषिक्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

६. कृषि विकास समितिको काम, कर्तव्य र अधिकार : स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित प्रावधानहरको परिधि भित्र रही यस नगर पालिका कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नीति निर्माण

क) कृषि तथा पशु विकास सम्बन्धि स्थानीय नीति, कानून, कार्यविधी, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकतानुसार नगर कार्यपालिका तथा गाउँ/नगर सभाबाट पास गराउन एवं गराई स्थानीय राजपत्रमा प्रकाशित गर्न र सोको कार्यान्वयनमा सहजीकरण गर्नेछ।

ख) कृषि विकास योजना तर्जुमा

क) नगरपालिकाको कृषि विकासको प्राथमिकताहरु निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्नेछ

ख) नगर पालिकाको रणनैतिक, आवधिक तथा बार्षिक कृषि योजना तर्जुमा गर्न र सोको नगर सभाबाट अनुमोदन गराउन सहजीकरण गर्ने । योजना तर्जुमा गर्दा सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिता गराउनका लागि सहजीकरण गर्नेछ ।

ग) महिला तथा बिपन्न वर्ग, व्यवसायीक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सोको कार्यन्वयनमा सहयोग गर्नेछ ।

घ) नगरपालिकामा कृषि सम्वन्धी सूचना, तथ्यांक राख्न, तिनको विश्लेषण र राजनैतिक निर्णय प्रक्रियामा यस्ता सूचना तथा तथ्यांकको उपयोग गर्न सहजीकरण गर्ने ।

ग) समन्वय तथा सहकार्य

क) नगरपालिकाका बिभिन्न समिति तथा उपसमितिहरु लगायत नगर कार्यपालिका तथा नगर व्यवस्थापिकासँग समन्वय गर्नेछ ।

ख) कृषि योजना तर्जुमा तथा सोको प्रभावकारि कार्यन्वयनका लागि कृषिमा संलग्न कृषक संघ, संगठन, कृषि सहकारी, विभिन्न सरकारी, गैह्रसरकारी संघसंस्था तथा निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गर्ने,

ग) कृषि विकाससँग सम्बन्धित कार्यका लागि अन्तर पालिका समन्वय, कृषि विकास कार्यालय, भेटेरिनरी हस्पीटल तथा पशु सेवा विज्ञ केन्द्र, प्रदेश तथा संघीय सरकारका कार्यक्रम एवं आयोजनाहरुसँग सहकार्य र समन्वय गर्ने र स्थानीय स्तरमा यस्ता आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने,

घ) कृषि तथा पशु सम्बन्धि उत्पादन सामग्री जस्तै मल, बीउ, नश्ल आदिको मापदण्ड निर्धारण तथा सो अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने,

ङ) स्थानीय उत्पादन, प्रांगारिक उत्पादन आदिको सिफारिस तथा आवश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने,

च) नगरपालिकामा मुख्य मुख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधिकरण र वजारीकरणका लागि यससँग सम्वन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने,

छ) संघ, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने,

ज) संघ तथा प्रदेशका रणनैतिक प्राथमिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धिसँग जोड्न सहजीकरण गर्ने ।

घ) बजेट तथा जनशक्ति व्यवस्थापन

क) कृषि विकासका लागि आवश्यक बजेटको लेखाजोखा, व्यवस्थापन तथा सोको प्रभावकारी परिचालनका लागि कार्यपालिका एवं कृषि तथा पशुविकास शाखा वा सेवाकेन्द्रलाई सहयोग एवं सहजीकरण गर्ने गराउने,

ख) नगर पालिकामा कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक जनशक्तिको प्रक्षेपण तथा व्यवस्थापन गर्न नगर कार्यपालिकालाई सहयोग गर्ने ।

ङ) नगरपालिकाको कृषि विकासका सम्भाव्यता अध्ययन, अनुसन्धान गर्ने गराउने ।

च) अनुगमन तथा मुल्याङ्कन

क) नगरपालिकाको उप प्रमूखको संयोकजत्वमा रहेको अनुगमन सम्यन्त्रद्वारा, नगरमा सञ्चालित बिभिन्न कृषि विकास कार्यक्रमहरुको नियमितरुपमा अनुगमन, उपलब्धिहरुको समिक्षा गरि कार्यपालिका, कृषि तथा पशु विकास शाखालाई रायसुझाब दिन सहजीकरण गर्ने, संयुक्त अनुगमनको आयोजना गर्न सहजीरण एवं सहयोग गर्ने, संघ, प्रदेश तथा अन्य विभिन्न निकायबाट सञ्चालित कृषि तथा पशु विकासका कार्यक्रमको नियमित अनुगमन गरी सम्वन्धित पक्षलाई सुझाव दिने,

ख) कृषि तथा पशुविकास शाखामा अनुगमन तथा मूल्यांकन पद्धतीको स्थापना तथा कार्यान्वयनका लागि आवश्यक सहयोग तथा निर्देशन दिने ।

छ) नगरपालिकामा संचालन हुने साना सिचाई आयोजनाहरुको सम्भाव्यता अध्ययन, सर्भे डिजाइन, निर्माण तथा संचालन कार्यका लागि आवश्यक सहयोग गर्ने ।

ज) संघीय तथा प्रादेशिक सरकारबाट पालिकास्तरमा संचालन हुने सिंचाईका योजनाहरु प्रभावकारी रुपमा संचालनगर्न आवश्यक सहयोग गर्ने ।

झ) क्षमता अभिवृद्धि

क) कृषि कार्यक्रमलाई प्रभावकारी संचालन तथा व्यवस्थापनका लागि समितीका पदाधिकारी, कर्मचारीहरु, कार्यपालिका तथा व्यवस्थापीका सदस्यहस्को क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने,

ख) कृषि तथा पशुविकास शाखाको क्षमता अभिवृद्धिका लागि नगर कार्यपालिका, प्रदेश तथा संघ र अन्य निकायसँग समन्वय एवं साझेदारी गर्ने ।

ञ) कृषि उत्पादन सामग्रीहरुको सर्वसुलभ रुपमा उपलव्ध गराउन आवश्यक नीतिगत व्यवस्था गर्न नगर कार्यपालिका, कृषि एवं पशु विकास शाखालाई सहजीकरण एवं सहयोग गर्ने ।

ट) कृषि उत्पादन, उत्पादकत्व वृद्धि तथा उत्पादित बस्तुहरुको प्रशोधन र बजारिकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्न नगर कार्यपालिकालाई सहयोग एवं सहजीकरण गर्ने ।

परिच्छेद ४

स्थानीय तहमा कृषि विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन विधि

७. नगरपालिकाको कृषि विकासका नीति नियम, कार्यविधि, मापदण्ड निर्धारण

१. स्थानीय सरकार संचालन ऐनको परिधिभित्र रहेर यस नगर पालिकाले कृषि विकासको लागि ऐन, नीति नियम तथा कार्यक्रम संचालनको लागि आवश्यक मापदण्ड बनाई सो को आधारमा कार्यक्रम संचालन गर्नुपर्ने छ ।

२. नीति नियम तर्जुमा गर्दा महिला कृषक, युवा, बैदशिक रोजगारीमा रहेका घर परिवारका सदस्यहरू, कृषि उद्धमी, साना तथा व्यवसायीक कृषकहरुका लागि लक्षित गरि सामाजिक समाबेशीताका आधारमा नीति निर्माणगरि लागू गर्ने ।

८. कृषि विकास योजना र बजेट तर्जुमा

१. यस नगर पालिकाले कृषि विकास समितिको सहयोगमा भूगोल अनुसार प्राबिधिक रुपले उपयुक्त हुनेगरी कृषि क्षेत्रको प्राथमिकता निर्धारण गर्ने छ,

२. यस नगर पालिकाले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कृषि विकास योजना तर्जुमागरी कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजनामा लिएका नीति रणनीतिलाई आवश्यकतानुसार यस नगर पालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने,

३. यस नगर पालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि समितिको बैठक बाट वडास्तर बजेट पूर्वानुमानलाई बाँडफाँड गर्न कृषि विषयक सबै सरोकारवालाको वैठक आयोजना गर्ने,

४. कृषि विकास समितीले स्वीकृत विषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष्य र उद्देश्य प्राप्तिका लागि बार्षिक योजना तर्जुमाको सिलसिलामा बजेट पूर्वानुमान र मार्गदर्शनमा समावेश गर्न यस नगर पालिकासंग समन्वय गर्ने छ,

५. यस नगर पालिकाले कृषि विकासको योजना तर्जुमा गर्दा साना तथा मझौला सिंचाईको योजनालाई समेत समाबेश गरि बनाउनु पर्ने छ,

६. स्थानीय तहमा सिंचाईका योजना बनाउदा तथा सो को कार्य संचालन गर्दा जलउपभोक्ता समिति को सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्ने छ,

७. योजनाको प्राथमिकता निर्धारण, तर्जुमा तथा कार्यान्वयन अनुसूची १ बमोजिम हुनेछ ।

९. कृषि तथा पशुविकासका क्षेत्रमा वजेट व्यवस्थापन तथा प्रवाह प्रक्रिया

१. संघ र प्रदेश सरकारबाट नगर कार्यपालिकामा सशर्त, बिशेष वा समपूरक अनुदानको रुपमा कृषि क्षेत्रको बजेट प्राप्त वा निकासा हुनेछ र यस नगर कार्यपालिकाले पनि आफ्नो आय वा समानीकरण अनुदानबाट रकम थपगरी पठाउन सक्ने छ ।

२. बैदेशिक श्रोतको अनुदान, ऋण वा प्राविधिक सहायता अन्तर्गतको रकम समेत सशर्त रुपमा पालिकाले निकासा पठाउने छ ।

३. यसरी कृषि क्षेत्रकालागि प्राप्त भएको रकम सम्बन्धित सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र नगरपालिकाको प्रमुखले सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने छ ।

४. अनुदान र सहुलियत वितरण सम्बन्धि छुट्टै कार्यविधि सम्वन्धित कार्यपालिकाबाट पारित गराई राख्नुपर्ने छ ।

५. प्राप्त वस्तुगत सहायता वितरण भन्दा अगाडि गुणस्तर यकीन गरी निश्चित भए पछिमात्र वितरणको ब्यवस्था मिलाइने छ ।

६. कृषि कार्यक्रममा वैदेशिक सहायता अन्तर्गतको रकम भए सम्झौता बमोजिमको शर्तका अधिनमा रही खर्च गर्नु पर्ने छ र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

७. यदि बैदेशिक सहयोगको प्राविधिक सहायता अन्तर्गत रकम संघीय सरकारको स्वीकृतिमा स्थानीय तह संग सम्झौता गरी कार्य संचालन गरिएको छ र रकम स्थानीय कोषबाट प्राप्त भएको छ भने द्वीपक्षीय सम्झौता बमोजिमका शर्त पालना गर्नुपर्ने छ र निजले मागेको ढाँचामा हिसाब बुझाउनु पर्ने छ ।

८. यि सबै कार्यको लेखापरीक्षणको जिम्मेवारी सम्बन्धित अख्तियारी प्राप्त शाखा प्रमुखको हुने छ र बार्षिक रुपमा लेखापरीक्षण प्रतिवेदन सम्बन्धित

विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

९. लेखा सम्बन्धि सम्पूर्ण प्रतिबेदन वार्षिकरुपमा सम्बन्धित सभाको लेखा समितिमा प्रस्तुत गर्न सम्बन्धित कार्यपालिकामा प्रस्तुत गर्नुपर्ने छ, र

१०. बजेट कार्यान्वयन गर्दा वितीय जोखिम न्यूनिकरणका कारण र निराकरणका उपाय समेत अबलम्बन गरी न्यूनिकरण गर्ने पहल गर्ने ।

१०. पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासन

१. यस नगर पालिकामा गरिने क्रियाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शी, उत्तरदायी, जबाफदेही र प्रभावकारी रुपमा नागरिक प्रति संबेदनशील भई संचालन गर्ने,

२. यस नगर पालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मूलभूत मान्यता जस्तै कानूनी शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्यगर्ने संस्कृति अबलम्बन गर्ने,

३. यस नगर पालिकामा सुशासन कायम गर्न गराउन कृषि विकास समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन असल शासनका निम्न मूल्य मान्यताको अबलम्बन गर्ने,

४. कृषि कार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघसंस्था यस नगर पालिका प्रति उत्तरदायी भइ कार्य गर्ने छन र तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पादन गरी जबाफदेही प्रशासन संचालन गर्ने,

५. यस नगर पालिकामा कृषि विकास समिति बीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँट कार्य विभाजन नियमावलीमा व्यवस्थागरी गरिनुका साथै कृषिसम्बन्धि कार्यका लागि जिम्मेवार संस्थाकोरुपमा यस समितिको विकास गरिने छ र समितिले पनि सम्बन्धित कार्यालयलाई कार्यजिम्मेवारी किटान गरी जिम्मेवार बनाउन सहजीकरण गर्ने छ,

६. कृषि सम्वद्ध सबै शाखा प्रमुखबीचमा कार्यसम्पादन करार गरिने छ र

उक्त करारको संस्थागतरुपमा नियमित समीक्षा गर्ने गराउने व्यवस्था मिलाउने,

७. कृषि सम्बद्ध सबै शाखा वा कार्यालयले आफ्नो शाखाबाट उपलब्ध गराइने सेवा, सुविधा लाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरि राख्ने व्यवस्था गर्ने ।

८. विकास निर्माणका कार्यमा नागरिकको सहभागिता वृद्धि गराउन सहभागितातत्मक समावेशी योजना प्रक्रिया अनिवार्य अवलम्बन गरिने छ र कार्य संचालन गर्दा नागरिकको सहभागिता स्वामित्व प्राप्त हुनेगरी गरिने छ। यसरी कार्य गर्दा विशेष गरेर दलित, अल्पसंख्यक, सिमान्तकृत वा साना किसान र महिला प्रति विशेष सम्बेदनशील रहनेगरी कार्य व्यवस्था मिलाउने,

९. निश्चित रकम भन्दा माथिको विकास निर्माणकार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्बजनिक स्थानमा सूचना पाटीको (होर्डिंग बोर्डको) व्यवस्था गर्ने,

१०. नागरिकको गुनासो सुन्ने र संबोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी क्रियाशिल गराइने छ,

११. सुशासनका अभ्यासहरु जस्तै सार्वजनिक/सामाजिकपरीक्षण, नागरिक सुनवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन सम्बन्धित कार्यविधीमा तोकिएको समयमा गर्ने गराउने व्यवस्था मिलाउने,

१२. सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरिद कार्य गर्ने गराउने,

१३. आचार संहिता अनिवार्यरुपमा परिपालना गर्ने गराउने,

१४. सूचनाको हक सम्बन्धि ऐनको पालना गरिने र बर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पुऱ्याउने,

१५. बार्षिक कार्यक्रम र बजेट र चौमासिक तथा बार्षिक नगरपालिकाको कृषि विकासका निती नियम, कार्यविधी, मापदण्ड निर्धारण,

१६. स्थानीय सरकार संचालन ऐनको परिधिभित्र रहेर यस नगर पालिकाले कृषि विकासको लागि ऐन, नीति नियम तथा कार्यक्रम संचालनका लागि आवश्यक मापदण्ड बनाइ सो को आधारमा कार्यक्रम संचालन गर्नुपर्ने छ,

१७. नीति नियम तर्जुमा गर्दा महिला कृषक, युवा, बैदेशीक रोजगारीमा

रहेका घर परिवारका सदस्यहरू, कृषि उद्धमी, साना तथा व्यवसायीक कृषकहरुका लागि लक्षित गरि सामाजिक समाबेशीताका आधारमा नीति निर्माणगरि लागु गर्ने ।

परिच्छेद ५
अनुगमन, मुल्यांकन, समीक्षा र प्रतिवेदन

११. अनुगमन

क) योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमन कार्यको कार्यतालिका गाउँपालिकाको अनुगमन समितिबाट स्वीकृत गराईराख्ने र बजेट समेत छुट्याउने,

ख) कृषि विकास समितिले आवस्यकतानुसारको अनुगमन संयन्त्र गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउने छ । यस नगर पालिकामा अनुगमन र सुपरिवेक्षणका लगि उप मेयरको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्रसँग समितिले समन्वय गरी अनुगमनको ब्यवस्था गर्ने,

ग) सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गर्ने,

घ) कृषि विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनुगमन गर्न कृषि विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्बद्ध शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, कृषक समूहको प्रतिनिधि, सहकारी संस्थाको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव कृषि शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी हुने व्यवस्था मिलाउने,

ङ) स्थानीय प्राथमिकता प्राप्त, बहुबर्षिय वा पूजिगत लगानी अत्यधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सूचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखा परेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाउने,

च) समितिले विषयगत शाखा पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको व्यवस्था गरी अनुगमन गर्न गराउन आवश्यक निर्देशन दिने ।

१२. मध्यावधि मुल्यांकन

क) गाउँ/नगरपालिकामा आवधिक योजना तयार गरी संचालनमा ल्याएको छ भने उक्त योजनाको समष्टि उपलब्धि र परिणामको मापन हुनेगरी बाह्य निकाय वा बिशेषज्ञबाट मध्यावधि मुल्यांकन गर्ने प्रणाली अबलम्बन गर्ने, र

ख) बहुबर्षिय योजना वा प्राथमिकता प्राप्त योजनाहरुको पनि मध्यावधि मुल्यांकन गरिने प्रणाली अबलम्बन गर्ने ।

१३. अन्तिम मुल्यांकन

क) योजनाका बृहतर लक्ष्य र उद्देश्य हाँसिल भए नभएको, कहाँ, के कस्ता सबल र कमजोर पक्ष रहन गए बिश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मद्दत पुऱ्याउन अन्तिम मुल्यांकन को व्यवस्था गर्ने,

ख) नगरपालिकाले तयार गरेको आवधिक योजनाको समष्टि अन्तिम प्रभाव मुल्यांकन गर्ने प्रावधान राख्ने,

ग) मूल्यांकन प्रणालीमा कृषिक्षेत्रको समेत प्रभाव मुल्यांकन गर्न गराउन व्यवस्था मिलाउने,

घ) अन्तिम मुल्यांकनका लगि तेस्रो पक्षका विज्ञबाट गर्ने गराउने व्यवस्था गर्ने ।

१४. समीक्षा

क) नगरपालिकामा प्रत्येक चौमासिक र बार्षिक रुपमा संचालित सबै योजना, कार्यक्रम, आयोजना वा क्रियाकलापहरुको प्रगति समीक्षा कार्यपालिकाले गर्ने हुनाले कृषि विकास समितिले पनि समिति अन्तर्गतका सबै कार्यक्रमको समितिमा समीक्षा गरी समीक्षाको निचोड सम्बन्धित कार्यपालिकाको समीक्षा बैठकमा पेश गर्ने,

ख) यस्तो समीक्षा वैठकको आयोजना नगरपालिकाको बैठक बस्नु अगाडी निश्चित गर्ने,

ग) यस समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरुको सहभागिता सुनिश्चित गर्ने,

घ) समीक्षामा आँकडा प्रस्तुति गर्नु भन्दा पनि देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गर्ने र समस्या समाधानका सहज उपायको खोजि गर्ने र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मेवारी तोक्ने कार्य गर्ने,

ङ) कृषिमा पुँजीगत खर्चमा कमी हुनुमा देखापरेका समस्याको समेत समयमै निदान गरिने गरी समाधान खोज्ने,

च) स्थानीय, प्रादेशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको २/२ महिनामा समीक्षा गरिने प्रणाली अबलम्बन गर्ने,

छ) विकास साझेदारहरुको सहयोगमा संचालित योजना को समीक्षा समेत गर्ने र समीक्षा बैठकमा प्राप्त गुनासाहरुलाई समेत सम्बोधन गर्ने ।

१५. प्रतिवेदन

क) यस नगरपालिकाले पारित गरेको आर्थिक कार्यविधि अनुसारको ढाँचामा आर्थिक प्रतिबेदन मासिक रुपमा अख्तियार प्राप्त शाखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने,

ख) भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त शाखा प्रमुखले नगरपालिकामा पठाउने व्यवस्था मिलाउने,

ग) यसकालागि कृषिसंग सम्बद्ध सबै सरोकारवाला बाट समय मै प्रतिवेदन संकलन गरी निश्चित फाराममा राखि एकिकृत गरी सम्बन्धित नगरपालिकामा पठाउनु पर्ने भएकोले कृषिसँग सम्बद्ध निकाय हरुले पनि आ/आफ्नो निकायको भौतिक प्रतिवेदन समितिका सचिव वा शाखा प्रमुख समक्ष पठाउने र

घ) चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आय व्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गर्ने ।

१५.१ कार्यक्रम कार्यान्वयन प्रतिवेदन

क) अख्तियारि प्राप्त प्रत्येक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ/दुइ महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित कार्यपालिकामा पठाउने,

ख) यसरी पठाएको प्रतिवेदन सम्बन्धित विषयगत समितिको सचिवलाई समेत उपलब्ध गराउने,

ग) प्राथमिकता प्राप्त योजनाको दुइ/दुइ महिनामा प्रमुखले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने,

घ) चौमासिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश वा संघीय सरकारको सम्बन्धित मंत्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने,

ङ) बार्षिक प्रतिवेदन पठाउने सम्बन्धित कार्यपालिकाले बार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक बर्ष भुक्तान भएको एक महिना भित्र सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मंत्रालयमा पठाउनु पर्ने र

च) प्रगति स्थितिको आधारमा कर्मचारीको कार्यसम्पादन मुल्यांकन गर्ने प्रणाली स्थापित गर्ने यसका लागि प्रत्येक कर्मचारीको कार्य जिम्मेवारी विबरण प्राप्त गरी तदनुसार कर्मचारीको कार्यसम्पादन मुल्यांकन गर्ने ।

परिच्छेद ५

बिबिध

१६. संसोधन, खारेजी र वचाउ

१) स्थानीय तहमा संचालित कृषि तथा पशु विकासका कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएका मानिने छ ।

२) यस कार्यविधिलाई नगरपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेजी गर्न सक्ने छ

३) यस कार्यविधि उल्लेख नभएका अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित कानून बमोजिम हुने छ ।

४) बाधा भडकाउ फुकाउने: यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा नगर पालीकाले बाधा अडकाउ फुकाउने छ ।

अनुसूची-१

(दफाको उपदफासँग सम्बन्धित)

योजनाको प्राथामिकता निर्धारण तथा निर्माणका चरणहरू

१. विषय, क्षेत्रगत र आवधिक योजना तर्जुमाका प्राथामिकता निर्धारण आधारहरु

विषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान बिशेष को संभाव्यता हेरी देहायका आधारमा प्राथमिकीकरण र कृषि व्यवसायीकरणका माध्यमबाट प्राथमिकताका विषयमा ध्यान पुरयाउने ।

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

घ) महिला बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

ङ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

च) वातावरणीय संरक्षण तथा सम्वर्द्धन, जलवायू परिवर्तन अनुकूलनमा सघाउ पुऱ्याउनुका साथै दिगो विकासको लक्ष्य प्राप्तिलाई प्राथमिकता दिई तर्जुमा गर्न सघाउ पुऱ्याउने र

छ) बार्षिक योजना तयार गर्दा विषय क्षेत्रगत, आवधिक योजनाका लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेत लाई ध्यानमा राखी बार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिने ।

२. योजना तर्जुमाका चरण र प्रक्रिया

क) बार्षिक योजना तर्जुमा गर्दा बजेट निर्धारण समितिबाट कृषि क्षेत्रको बजेट पूर्वानुमानको सिमा र मार्गदर्शन तयारीमा माग भएको आवश्यक प्राविधिक सहयोग पुयाउने,

ख) नगरपालिकाबाट आगामी बर्षको श्रोतको अनुमान, बजेट सीमा तथा मार्गदर्शन प्राप्त भएपछि कृषि क्षेत्रसँग सम्बद्ध सबै सरोकारवालाहरु (विषयगत शाखा, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, विषय विज्ञ आदि) को बैठक बोलाउने,

ग) कृषि क्षेत्र/उपक्षेत्रगत (पशु स्वास्थ्य, मत्स्यपालन, फलफूल खेति, तरकारी आदि) को नगरपालिका स्तरिय र वडास्तरीय पूर्वानुमानको प्राप्त बर्गिकरणलाई लगानीका क्षेत्र तोकी उप क्षेत्रगत तथा वडास्तरीय कृषि कार्यक्रमको बजेट पूर्वानुमान र मार्गदर्शन तयार गर्ने,

घ) प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र अबलम्बन गरिने नीति रणनीति र विषय र भौगौलिक क्षेत्रगत लगानीको बाँडफाँट गरी सम्बन्धित शाखा, सेवाकेन्द्र, वडा वा इकाईमा मार्गदर्शन सहित बजेट पूर्वानुमान पठाइने र सम्बन्धित जिम्मेवार व्यक्ति समेत तोकी योजना तर्जुमा प्रक्रियाको थालनी समेत गर्ने,

ङ) विषयगत निकाय र गैरसरकारी संस्थाको कार्यक्रम बीचमा पनि परिपूरकता कायम गरी एकिकृत योजना तर्जुमा गर्ने गराउने,

च) बस्ति स्तरमा रहेका कृषक समूह, समिति तथा संस्थासँग अन्तरक्रिया गरी तिनका माग र प्राथमिकताहरुलाई सम्बोधन गर्न र तिनले गर्न सक्ने लागत सहभागितालाई समेत संकलन गरी उनीहरुकै सहभागितामा तोकिएका मापदण्डका आधारमा प्राथमिकता निर्धारण गर्ने,

छ) सबै बस्ति र टोलस्तरबाट माग र प्राथमिकता संकलन भए पश्चात सम्बन्धित वडा सचिवले विषयगत र अन्य सरोकारवालासँग छलफल गरी

विषय क्षेत्रगत रुपमा कार्यक्रम र बजेट छुट्याउने र बजेट पूर्वानुमानको रकमसँग मेलखाने गरि एकिकृत गरी वडा अध्यक्ष समक्ष घटबढको विबरण पेश गर्ने,

ज) यदि कुनै योजना वा कार्यक्रम अत्यन्त जरुरि छ र बजेट पूर्वानुमान भित्र रहन नसकेमा नगरस्तरीय योजना मा समावेश गर्ने गरी सुची समेत प्रस्तुत गर्ने,

झ) वडासमितिले सबै सरोकारवाला को बैठक बोलाई यसरी वस्ति र टोलस्तर बाट संकलित भएको सूचीमा विषयगत प्राथमिकता निर्धारण अनुसार रुजु गरि वडा समितिबाट पारित गर्ने र यसरी पारित गर्दा वडास्तरीय तथा नगरपालिकास्तरीय योजनामा बर्गिकरण गरी सिफारिश सहित सम्बन्धित कार्यपालिकामा पेश गर्ने,

ञ) यदि कुनै योजना दुइ वा दुई भन्दा वढि वडामा संचालन गरिनु पर्ने रहेछ भने ती वडाबीचको समन्वय बैठक राखी अन्तर वडास्तरीय योजनाको प्राथमिकता समेत सम्बन्धित कार्यपालिकामा सिफारिश सहित पेश गर्ने,

ट) नगर कार्यपालिका सचिवले वडावाट प्राप्त सबै सूचीलाई तथा नगर पालिकास्तरीय विषयगत शाखाबाट प्राप्त सूचीलाई समेत एकिकृत गर्ने र यसरि एकिकृत गरिएको सुचीलाई विषय क्षेत्रगत प्राथमिकताक्रम अनुसार सुची तयार गर्नुका साथै उक्त सुचीलाई वडास्तरीय र पालिकास्तरमा बर्गिकरण गरी सम्बन्धित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न प्रमुख समक्ष प्रस्तुत गरिने र उक्त योजना तर्जुमा समितिमा पठाउने,

ठ) बजेट तथा कार्यक्रम तर्जुमा समितिले यसरी प्राप्त योजना र कार्यक्रमलाई सम्बन्धित विषय क्षेत्रगत समितिमा छलफलका लागि पठाउने,

ड) कृषि सम्बन्धी विषयगत समितिले यसरी वडा, विषयगत शाखा तथा कृषि सम्बन्धि गैर सरकारी संस्था, निजीक्षेत्र र सहकारी संस्थाबाट प्राप्त सुचीलाई एकिकृत गरी आफुलाई प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शन अनुसार भए नभएको हेर्नुका साथै प्रदेश र संघीय योजना तथा कार्यक्रमसँग परिपूरकता कायम समेत गराउने,

ढ) कृषिसँग सम्बन्धित अन्य विषयगत निकायसँग समेत पारस्परिकता हुनेगरी कृषि सम्बन्धि बार्षिक तथा बहुबर्षिय कार्यक्रम र बजेट प्राथमिकता क्रम

निर्धारण गरी नगर कार्यपालिका स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा राय सिफारिश सहित पठाउने,

ण) यस नगरपालिकाका लागि बजेट वक्तव्यमा पारिनु पर्ने कृषि सम्बन्धी नीति समावेश गरी कृषिमा हुने समष्टि लगानी र उपलब्धीको प्रक्षेपण सहितको नीति तयार गरी सम्बन्धित सभामा पेश गरिने बजेट बक्तव्यको मसौदा समेत तयार गरी योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने ।

२.१ योजना तर्जुमा समितिले कृषि समितिबाट प्राप्त गरेको एकिकृत कार्यक्रम, बजेट र नीति नगरपालिकामा पठाउनु अगाडी निम्न कार्य गर्ने,

क) सम्बन्धित क्षेत्रमा संचालन हुने योजना र कार्यक्रममा दोहोरोपन आउन नदिने गरी आपसी तादाम्यता र परिपूरकता कायम गर्ने व्यवस्था मिलाउने,

ख) बजेट तथा कार्यक्रमको विषयक्षेत्रगत सम्बन्धित समितिमा पुनः छलफल गराउनु पर्ने भए गराई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेशगर्न आदेश दिने,

ग) आवधिक योजना तयार भएको रहेछ भने उक्त आवधिक योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, नीति र कार्यक्रमका प्राथमिकता अनुकूल भए नभएको हेरी उक्त आबधिक योजनासँग तालमेल हुनेगरी प्रस्तुत गर्ने,

घ) संघीय सरकारमा नेपाल सरकारले बजेट प्रस्तुत गर्ने समय जेष्ठ १५ गते तोकिएको हुनाले बजेट बक्तव्यको संघीय नीति समेत स्थानीय तहमा असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने,

ङ) त्यस्तै प्रदेश सरकारले जेष्ठ मसान्त भित्र बजेट र कार्यक्रम प्रस्तुत गर्ने हुँदा स्थानीय तहलाई असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रममा समाबेश गर्ने,

च) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने,

छ) यदि वहु-बर्षिय योजना रहेछ भने त्यसको लगानीको प्रक्षेपण र उपलब्धि लक्ष्य समेत निर्धारण गरी प्रस्तुत गर्ने,

ज) बजेट सिमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र घाटा बजेट प्रस्तुत गर्न बन्देज रहेको हुँदा कुनै हालतमा पनि घाटा बजेट र कार्यक्रम सिफारिश नगर्ने,

झ) सम्बन्धित गाउँ सभा वा नगर सभामा प्राप्त बजेट तथा कार्यक्रममा छलफल गरी अषाढ २५ गते भित्र कार्यपलिका सँग केहि थप बुझ्नु पर्ने भएमा कार्यपालिकामा निर्देशन सहित प्रस्ताव सम्बन्धित कार्यपालिकामा फिर्ता पठाउने व्यवस्था गर्ने,

ञ) कार्यपालिकाले यसरी प्राप्त फिर्ता हुन आएको बजेट तथा कार्यक्रममा केहि हेरफेर गर्न उचित देखिएमा वा नदेखिएमा पुष्ट्याँई सहित पुनः सम्बन्धित सभामा राय सहित पेश गर्ने,

ट) सम्बन्धित सभाले अषाढ मसान्त भित्र बजेट र कार्यक्रम पारित गरि सक्नुपर्ने,

ठ) बजेट र कार्यक्रम सार्वजनिकिकरणः सभाबाट स्वीकृत भए पछि बिभिन्न संचार माध्यमबाट सर्वसाधारणको जानकारीकालागि बजेट, कार्यक्रम र लिइएका नीति कार्यपालिकाले प्रकाशित गर्नुपर्ने छ ।

३. योजना कार्यान्वयन

क) नगरसभाबाट पास भएका कृषि योजनाहरुको प्रभाबकारि संचालनका लागि आबस्यकता अनुसार स्थानीय मापदण्ड तयार गरि सोको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने छ,

ख) सबै सरोकारवालाले कार्यक्रम र बजेटको कार्यान्वयन र जिम्मेवारी तालिका तयार गर्ने,

ग) कार्यक्रम स्वीकृत भए पछि सरोकारवाला सबै विषय प्रगति प्रतिवेदन आमसंचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सूचना पाटी र वेब साइटमा राख्ने ।

आज्ञाले

देव किरण बुढा

निमित्त प्रमुख प्रशासकीय अधिकृत